मिति : २०८२।०३।३०

<u>निर्णयहरु</u>

**निर्णय नं १**

यस हरिपुर नगरपालिकाको आ.व. २०८२।०८३ को नीति तथा कार्यक्रम मस्यौदा उपर छलफल गरी आ.व. २०८२।०८३ को नीति तथा कार्यक्रम अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. २

यस हरिपुर नगरपालिकाको आ.व. २०८२।०८३ को आर्थिक विधेयक मस्यौदा उपर छलफल गरी आ.व. २०८२।०८३ को आर्थिक विधेयक अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं ३

यस हरिपुर नगरपालिकाको आ.व. २०८२।०८३ को विनियोजन विधेयक मस्यौदा उपर छलफल गरी र उक्त विधेयकमा विनियोजित बजेटको अधारमा छनौट भएका नगरस्तरीय योजना तथा कार्यक्रमहरु, वडास्तरीय योजना तथा कार्यक्रमहरु, विषयगत शाखास्तरीय योजना तथा कार्यक्रमहरु सहित कार्यालय संचालनार्थ चालु र पुँजीगत तर्फका खर्च शिर्षकहरुमा विनियोजित बजेट सहित आ.व. २०८२।०८३ को विनियोजन विधेयक अनुमोदन गरी स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं . ४

नगर उपप्रमुख श्री निलम देवी राय यादव ज्यूबाट पेश भएका न्यायीक समितिको आ.व. २०८१।०८२ को प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं ५

यस हरिपुर नगरपालिकाको चालु आ.व. २०८१/०८२ को मिति २०८१ श्रावण १ गते देखि २०८२ असार २९ गते सम्मको पुँजीगत र चालुगत खर्च अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं ६.

चालु आ.व २०८१/२०८२ विभिन्न मितिमा नगर कार्यपालिकावाट भएका विभिन्न विषयमा भएका सम्पूर्ण निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

मिति : २०८२।०३।३०

निर्णय नं ७.

यस नगरपालिकाको देहाय बमोजिमको संशोधित ऐनका बुँदाहरू र थप बुँदाहरू पारित गरी स्वीकृत गर्ने र मिति २०८१ फागुन २० गते देखि मिति २०८२ असार मसान्त सम्मको नगर कार्यपालिकाको वैठकबाट स्वीकृत भएको देहायका ऐन, निर्देशिका, कार्यविधिहरुलाई अनुमोदन गर्ने निर्णय गरियो ।

तपसिल

हरिपुर खानेपानी तथा सरसफाई व्यवस्थापन बोर्ड ऐन, नियमावली देहायका बुँदाहरुमा संशोधन ।

हरिपुर खानेपानी तथा सरसफाई ब्यवस्थापन बोर्ड ऐन, २०७९ मा

१. हरिपुर खानेपानी बोर्डको प्रमुख संरक्षकको रुपमा नगरप्रमुख र नगर उपप्रमुख रहने ।
२. परिच्छेद ४ को दफा १५ (२) व्यवस्थापकको पदावधि ५ वर्ष तोकिएकोमा यसलाई तोकिए बमोजिम अथवा करार बमोजिम हुने बनाउने ।

खानेपानी महशुल निर्धारण प्रस्ताव

१. धारा काट्न तथा पुनः धारा जडान गर्न निवेदन दिएमा रु. ५००/५०० र वडाबाट सिफारिस आवश्यक
२. घरधुरी धारा जडान गर्दा जडान गर्न वढिमा १५ मिटर मात्र पाइप उपलब्ध गराउने ।

हरिपुर खानेपानी तथा सरसफाई बोर्ड ऐन, २०७९ को देहाय अनुसारको बुँदा थप तथा संशोधन गरी नगरसभामा अनुमोदन ।

१. वोर्डले प्रत्येक वर्ष साधारण सभा गर्नुपर्नेछ ।
२. पदाधिकारीहरु जुन जुन निकायहरुको प्रतिनिधित्व गररहेका हुन्छन, कुनै कारणवश ति निकायहरुमा ति व्यक्तिहरु परिवर्तन भएमा ५ वर्ष अगावै पनि सम्वन्धित निकायको पत्रको अधारमा सम्वन्धित पदाधिकारी परिवर्तन हुनेछन् ।

कार्यविधि तथा निर्देशिका

१. ज्येष्ठ नागरिक स्वास्थ्य उपचार तथा परामर्श कार्यक्रम कार्यविधि, २०८१
२. खेलकुद सञ्चालन खर्च निर्देशिका, २०८१
३. हरिपुर नगरपालिकामा कार्रत खोप कार्यक्रमहरुका सेवा सुविधा मापदण्ड, २०८१
४. हरिपुर नगरपालिका महिला समूह सञ्चानल कार्यविधि, २०८१
५. खोप कार्यकर्ताको फिल्ड भत्ता सम्वन्धी कार्यविधि, २०८१
६. हरिपुर नगरपालिकाको परामर्श सेवाको लागि नर्म्स र दररेट निर्धारण कार्यविधि, २०८१
७. हरिपुर नगरपालिकामा कार्यरत कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोप कार्यविधि, २०८२

मिति : २०८२।०३।३०

निर्णय नं ८

यस हरिपुर नगरपालिका कार्यालयमा महालेखा परीक्षकवाट आ.व. २०८०/०८१ को लेखा परीक्षण भई प्राप्त भएको प्रतिवेदनका उल्लेखित बेरुजु नियमानुसार फर्छयौट गर्ने अधिकार कार्यपालिकालाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं ९

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १२ बमोजिम आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवा प्रयोजनको लागि निर्माण समाग्री, ज्याला, भाडा तथा महसुलको स्थानीय दररेट तोक्न सक्ने व्यवस्था रहेको र उक्त व्यवस्था बमोजिम यस नगरपालिकाको स्थानीय दररेट निर्धारण गरी सिफारिस गर्न देहाय बमोजिमको एक समिति गठन गर्ने उक्त समितिवाट सिफारिस भएका स्थानीय दररेट कार्यपालिकाको निर्णय बमोजिम लागु हुने गरी निर्णय गरियो ।

<u>स्थानीय दररेट निर्धारण सिफारिस समिति</u>

| क.सं. | नाम, थर | पद | जिम्मेवारी | कैफियत |
|---|---|---|---|---|
| १ | श्री निलम देवी राय यादव | नगर उपप्रमुख | संयोजक | |
| २ | श्री मनोज कुमार चौधरी | वडाध्यक्ष | सदस्य | |
| ३ | श्री चितोरिया कुमारी चौधरी | कार्यपालिका सदस्य | सदस्य | |
| ४ | श्री सहदेव दास कथवनिया | वडा सदस्य | सदस्य | |
| ५ | श्री भुपेन्द्र कुमार सिंह | लेखा अधिकृत | सदस्य | |
| ६ | श्री माधव कार्की | आलेप | सदस्य | |
| ७ | श्री विवेक कुमार यादव | ईन्जिनियर | सदस्य-सचिव | |

उक्त समितिले १५ दिनभित्र स्थानीय दररेट निर्धारण गरी सिफारिस गर्ने निर्णय गरियो । साथै स्थानीय दररेट निर्धारण नभए सम्म जिल्ला दररेटलाई अधारमानी कार्य गर्ने समेत निर्णय गरियो ।

निर्णय नं १०

यस हरिपर नगरपालिकाको स्वामित्वमा रहेका सार्वजनिक हाटबजारहरु, पसल सञ्चालनार्थ निर्माण गरिएका सटरहरु, खोलानालाहरुको आदिको विवरण संकलन गरी प्रमुख स्तरीय निर्णय गरी ठेक्का बन्दोवस्तीको प्रक्रिया चालु आ.व. मा नै प्रारम्भ गरेकोले उक्त ठेक्का प्रक्रियालाई अनुमोदन गर्ने निर्णय गरियो ।

मिति : २०८२।०३।३०

निर्णय नं ११

यस हरिपर नगरपालिका अन्तर्गत पुरानो तथा हाल सम्म निर्माण भएका घर भवनहरुको अभिलेखिकरण नगर्ने घरधनीहरुलाई मिति २०८२ पुस मसान्त भित्र यस नगरपालिका अन्तर्गत रहेका घर भवनहरु अभिलेखिकरण गर्न अन्तिम पटक म्याद दिने निर्णय गरियो ।

निर्णय नं १२

यस हरिपर नगरपालिका अन्तर्गत देहायका कर्मचारीहरुको आ.व २०८१।०८२ मा खाईपाई आएका तलवी प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो । तलवी प्रतिवेदन अनुसुची ४ मा उल्लेख गरिएको छ ।

निर्णय नं १३

यस हरिपर नगरपालिका अन्तर्गत कार्यरत संघ संस्थाको आर्थिकभार नव्यहोर्ने गरी देहायका अनुसुची ५ मा रहेका कार्यक्रमहरु स्वीकृत गरी अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं १४

यस नगरपालिकामा कार्यरत कार्यक्रम तर्फका सम्पुर्ण करारका कर्मचारीहरुको तलव र सेवा सुविधामा कार्यक्रमबाट तोकिए अनुसारको लागत साझेदारी यस नगरपालिकाबाट व्यहोर्ने निर्णय गरियो ।

निर्णय नं १५

यस नगरपालिकाको समपरीक्षण तथा नियमित गर्नुपर्ने बेरुजुहरुको हकमा औचित्य र पुष्टाई सहितको प्रमाण पेश गरी नियमित र समपरीक्षणको लागि महालेखा परीक्षकको कार्यालयमा सिफारिस गर्ने अधिकार नगर कार्यपालिकालाई प्रत्यायोजन गर्ने र असुल उपर गर्नुपर्ने बेरुजु सम्बन्धितबाट यथाशिघ्र असुल उपर गरी बेरुजु फर्छयौट गर्ने निर्णय गरियो ।

मिति : २०८२।०३।३०

निर्णय नं १६

यस चालु आ.व. मा सम्झौता भई सम्पन्न नभएका योजना तथा कार्यक्रमहरुलाई अगामी आ.व.मा निरन्तरता दिने सन्दर्भमा चालु आ.व.मा बचत हुने रकमको विश्लेषण गरी निरन्तरता दिनुपर्ने योजना तथा कार्यक्रमहरुको औचित्य र पुष्टयाई तथा सम्पन्न भएका कार्यको गुणस्तरीयताको आधारमा र नगरपालिकाको समग्र विकासमा हित र टेवा पुग्ने भएमा सो सम्वन्धमा आवश्यक निर्णय गरी कार्यान्वयन गर्ने अधिकार नगर कार्यपालिकालाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं १७

यस हरिपुर नगरपालिकाको आ.व. २०८२।०८३ को योजना तथा कार्यक्रमहरु (वडा स्तरीय वार्ड नं. १ देखि ९ सम्म) नगर, प्रदेश तथा संघमा माग गर्ने योजना तथा कार्यक्रमहरुको नगर योजना वैंक तयार गर्ने निर्णय गरियो ।

निर्णय नं १८

यस नगरपालिकामा अगामी आ.व. २०८२/०८३ मा भौतिक पूर्वाधार तर्फ रकम रु. ५,००,०००।०० वा सो भन्दा बढी वजेट रहेको सवै आयोजनाहरुमा आवश्यकता अनुसार प्रयोगशाला परीक्षण (ल्याव रिपोर्ट) प्रतिवेदन अनिवार्य गर्ने निर्णय गरियो ।

निर्णय नं १९

यस नगरपालिकाको आर्थिक सर्भेक्षण प्रतिवेदन २०८१/२०८२ अनुमोदन गरि स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं २०

यस हरिपर नगरपालिका अन्तर्गत रहेका सम्पुर्ण शाखामा कार्यरत करारका कर्मचारीहरुको म्याद थप गर्ने र निवेदन पेश गरेका करारका कर्मचारीहरुको तलवमान बृद्धि गर्ने अधिकार नगर कार्यपालिकालाई दिने निर्णय गरियो ।

मिति : २०८२।०३।३०

निर्णय नं २१

यस नगरपालिकामा मिति २०८२।०३।०८ गतेको हरिपुर नगरपालिकाको लेखा समितिको निर्णयानुसार आ.व. २०७९।०८० को अन्तिम लेखापरीक्षण बेरुजु असुल उपर सन्दर्भमा २०७९ साल भाद्र महिना देखि २०८० असार मसान्त सम्म नगर प्रमुखको स्वकीय सचिव अभिमनु चौधरीको प्रति महिना ३४,७३०।०० का दरले ११ महिनाको ३,८२,०३०।०० र नगर उपप्रमुखको स्वकीय सचिव चन्देश्वर रायको प्रति महिना ३२,९०२।०० का दरले ११ महिनाको ३,६१,९२२।०० सेवा सुविधा भुक्तानी सम्वन्धमा महालेखापरीक्षकको टोलीले सेवा सुविधा बेरुजु असुल उपर औंल्याइएको हुँदा उक्त स्वकीय सचिवहरुलाई यस नगरपालिकाको मिति २०७९ श्रावण २४ गतेको नगर कार्यपालिकाको निर्णय नं. ७ मा नगर प्रमुख र नगर उपप्रमुखको स्वकीय सचिवालय गठन तथा संचालन सम्वन्धी निर्देशिका २०७९ बमोजिम हरिपुर नगरपालिका राजपत्र वर्ष-४ अंक ९ मिति २०७९ श्रावण २४ गतेमा राजपत्रमा प्रकाशित भई सोहि निर्देशिका २०७९ बमोजिम परिच्छेद-३ निर्देशिका ४ मा सचिवालय कर्मचारीको व्यवस्था हुनेछ र सोही बमोजिम मिति २०७९।५।१ गते कार्यालय गठन गरी सचिवालय संचालनको लागि सहायक पाँचौ र सहायक चौथो पदको लागि मिति २०७९।५।२३ गते टिप्पणी सदर भई नगर प्रमुखको स्वकीय सचिव सहायक पाँचौमा श्री अभिमनु चौधरी र नगर उपप्रमुखको स्वकीय सचिव सहायक चौथोमा चन्देश्वर राय २०७९ भाद्र १ गते देखि लागु हुने गरी करारमा नियुक्ति भएको र नियमित रुपमा कार्यालयमा हाजिरी भई नियमित रुपमा सचिवालयको काम काज गर्दै आउनु भएको र सोही बमोजिम सेवा सुविधा स्वकीय सचिव अभिमनु चौधरीको प्रति महिना ३४,७३०।०० का दरले ११ महिनाको ३,८२,०३०।०० र नगर उपप्रमुखको स्वकीय सचिव चन्देश्वर रायको प्रति महिना ३२,९०२।०० का दरले ११ महिनाको ३,६१,९२२।०० सेवा सुविधा भुक्तानी गरी जम्मा रकम रु. ७,४३,९५२।०० महालेखा परीक्षकको डोरले बेरुजु असुल उपर लेखिएकोमा उक्त बेरुजु असुल उपर रकमलाई नियमितता गर्न महालेखा परीक्षकको कार्यालयलाई सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं २२

नगरसभावाट स्वीकृत भएका नगरस्तरिय योजना, तथा कार्यक्रमहरु नगरप्रमुखको निर्देशानुसार मात्र कार्यन्वयन गर्ने निर्णय गरियो ।

मिति : २०८२।०३।३०

निर्णय नं २३

चालु आ.व २०८१ /२०८२ भए गरेका डि.पि.आर तथा अध्ययान, अनुशन्धान प्रतिवेदन स्वीकृत गरि सो बाट प्राप्त सुझाव कार्यान्वयनका लागि प्राथमिकताका साथ आवश्यक बजेट विनियोजन गरि क्रमशः कार्यान्वयन गर्दै जाने निर्णय गरियो।

निर्णय नं २४

सामाजिक सुरक्षा कोष नियामावली २०७६ र हरिपुर नगरपालिकामा कार्यरत कर्मचारीहरूलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोष कार्यविधि २०८२ बमोजिम यस नगरपालिका र नगरपालिका अन्तर्गत कार्यरत सम्पूर्ण करारका कर्मचारीहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा जोड्न सामाजिक सरक्षा कोषको स्थापना गर्ने निर्णय गरियो ।

निर्णय नं २५

चालु आ.व २०८१/ २०८२ मा मधेश प्रदेश सरकारबाट हस्तान्तरित शसर्त अनुदान तर्फको डिप बोर्डिङ जडान कार्य थप व्यवस्थित तथा विधुतिकरण गरि पूर्ण रूपमा संचालन गर्न नेपाल विधुत प्राधिकरणसँग आवश्यक समन्वय गरी थप बजेट व्यवस्थापन गर्ने निर्णय गरियो ।

निर्णय नं २६

यस हरिपुर नगरपालिकाको आ.व २०८२/२०८३-२०८६/२०८७ को आवधिक योजना अनुसार कार्यक्रम प्राथमिकिकरण गरि क्रमशः कार्यान्वयन गर्दै जाने निर्णय गरियो ।

निर्णय नं २७

नगरपालिकाको आ.व २०८२/ २०८३ मा स्विकृत योजनाहरू अनिवार्य रुपमा सार्वजनिक खरिद ऐन, नियम बमोजिमको खरिद प्रक्रिया अपनाई कार्यान्वयन गर्ने उपभोक्ता समिति वा अन्य समितिबाट संचालन गर्ने १५ लाख भन्दा बढिका योजनाहरूमा अनिवार्य रूपमा मूल्याङ्कित रकमको ५ प्रतिशत धरौटि रकम (Retention amount) कट्टा गरि त्रुटि सच्चाउने अवधि (Defect Liability Period) पछि फुक्का गर्ने निर्णय गरियो ।

मिति : २०८२।०३।३०

निर्णय नं. २८

यस नगरपालिका अन्तरगत सञ्चालनमा रहेका सामुदायिक विद्यालयमा नियमित रुपमा विद्यालय सञ्चालन गर्न
आवश्यक शिक्षा नियमावली २०५९ को अनुसूची १२ बमोजिमको न्युनतम शिक्षक दरवन्दी समेत यस पालिकामा
प्राप्त नभई विद्यालयमा नियमित रुपमा शिक्षण सिकाई क्रियाकलाप सञ्चालन गर्न कठिन भएको कारण विद्यालयको
शिक्षण सिकाई क्रियाकलाप सहज रुपमा सञ्चालनको वातावरण सिर्जना गरी गुणस्तरीय शिक्षा प्रदान गर्न
नगरकार्यपालकाको निर्णय अनुसार विद्यालयहरुमा स्वयम् सेवक शिक्षक दरबन्दी प्रदान गरी स्वयम् सेवक
शिक्षक व्यवस्थापन कार्यविधि (तेस्रो संसोधन) २०७६ को व्यवस्था वमोजिम नियमपूर्वक नियुक्त भई कामकाज
गरिरहेका तथा निर्धारित दरवन्दीको परिधिभित्र नियमपूर्वक नियुक्त हुने स्वयमसेवक शिक्षकहकरुको निर्वाह
खर्चका लागि आवश्यक पर्ने रकम यस नगरपालिकाको आन्तरिक स्रोतबाट प्राप्त हुने रकमबाट खर्च पर्याप्त नहुने
अवस्था रहेको र स्वयम् सेवक शिक्षक नराख्दा विद्यालय सञ्चालन गर्न कठिन अवस्था रहेको हुँदा सामुदायिक
विद्यालयमा व्यवस्थित रुपमा शिक्षण सिकाई क्रियाकलाप सञ्चालन गर्न निर्धारण गरिएको दरबन्दीमा कार्यरत
स्वयम् सेवक शिक्षकहरुको लागि आवश्यक पर्ने निर्वाह खर्च वापतको रकम यस कार्यालयलाई संघीय सरकार
तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान रकमबाट उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. २९

यस नगरपालिका अन्तरगत सञ्चालनमा रहेको सामुदायिक विद्यालयहरुमा कार्यरत विद्यालय सहायक वालविकास
सहजकर्ता र विद्यालय सहयोगीहरुले न्युन पारिश्रमिकमा काम गरिरहेको र सो सम्वन्धमा नेपाल सरकारको आ व
२०८२।०८३ को नीति तथा कार्यक्रममा समेत सामुदायिक विद्यालयहरुमा कार्यरत विद्यालय सहायक
वालविकास सहजकर्ता र विद्यालय सहयोगीहरुको न्युनतम मासिक तलवको व्यवस्थापन स्थानीय तह मार्फत गर्ने
विषय परेको हुँदा यस नगरपालिकालाई दायित्व सीर्जना हुन आएकोले सामुदायिक विद्यालयमा न्युन तलवमा
कार्यरत शिक्षक कर्मचारीहरुको मनोवल उच्च बनाई विद्यालयको शिक्षण सिकाई क्रियाकलाप प्रभावकारी रुपमा
सञ्चालन गराउन सामुदायिक विद्यालयमा स्वीकृत दरवन्दीमा कार्यरत विद्यालय सहायक बालविकास सहजकर्ता तथा
विद्यालय सहयोगीहरुलाई यस नगरपालिकालाई प्राप्त हुने स्रोतबाट प्रोत्साहन भत्ताको रुपमा प्रति महिना रु.
५०००।०० पाँच हजार मात्र को दरले १२ महिनाको लागि हुन आउने रकम उपलब्ध गराउने निर्णय गरियो।

मिति : २०८२।०३।३०

निर्णय नं. ३०

यस नगरपालिका अन्तरगत सञ्चालित सामुदायिक विद्यालयहरुमा नियमित रुपमा विद्यालय सञ्चालन गर्न आवश्यक शिक्षा नियमावली २०५९ को अनुसूची १२ बमोजिमको न्युनतम शिक्षक दरवन्दी समेत यस पालिकामा प्रास नभई विद्यालयमा नियमित रुपमा शिक्षण सिकाई क्रियाकलाप सञ्चालन गर्न कठिन भएको कारण विद्यालयको शिक्षण सिकाई क्रियाकलाप सहज रुपमा सञ्चालनको वातावरण सिर्जना गरी गुणस्तरीय शिक्षा प्रदान गर्न तपसिल बमोजिमको स्वयम् सेवक दरवन्दी कायम गर्ने निर्णय गरियो ।

तपसिल:-

| क्र.सं. | विद्यालयको नाम | ठेगाना | कायम हुने दरबन्दी विवरण | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | | बा वि | प्रा वि | नि मा वि | मा वि | |
| १ | हरिहर जनता आ.वि. | हरिपुर१ जानकीनगर | १ | ० | ० | ० | १ |
| २ | पाँच कुमार रामऔतार लक्षिया मा.वि. | हरिपुर १ हजारिबघा | १ | १ | ० | ४ | ६ |
| ३ | महावीर जनता मा. वि. | हरिपुर२ | २ | ० | १ | ० | ३ |
| ४ | जनता आ.वि. | हरिपुर २सखुवा | ० | १ | २ | ० | ३ |
| ५ | जनकल्यान प्रा. वि. | हरिपुर २ हात्तिसार | ० | १ | ० | ० | १ |
| ६ | जनता मा. वि. | हरिपुर ३ फरहदवा | २ | १ | ३ | २ | ८ |
| ७ | जनता मा. वि. | हरिपुर ४हरैया | १ | ० | ० | ३ | ४ |
| ८ | जनता आ. वि. | हरिपुर ५मजुर्वा | १ | ० | ४ | ० | ५ |
| ९ | सार्वजनिक जनता मा. वि. | हरिपुर ६ लक्ष्मीपुर | १ | ० | ५ | २ | ८ |
| १० | श्रवण जनता प्रा. वि. | हरिपुर७ पचगछिया | २ | १ | ० | ० | ३ |
| ११ | लछिमनाथ आ.वि. | हरिपुर७ चिताईन | १ | ० | २ | ० | ३ |
| १२ | ईन्द्रपुर जनता प्रा. वि. | हरिपुर ८ ईन्द्रपुर | ० | २ | ० | ० | २ |
| १३ | जनता प्रा. वि. | हरिपुर ८ जगतपुर | १ | १ | ० | ० | २ |
| १४ | रामलागन मा. वि. | हरिपुर ९ पिडारी | १ | ० | १ | ३ | ५ |
| १५ | जनता प्रा. वि. | हरिपुर ९ ढावटोल | २ | १ | ० | ० | ३ |
| | | जम्मा | १६ | ९ | १८ | १४ | ५७ |

उपरोक्त कायम भएको दरवन्दी विवरणमा श्री सार्वजनिक मा.वि. लक्ष्मीपुर र श्री जनता मा.वि. फरहदवामा मा.वि. तहको गणित, विज्ञान र अंग्रेजी विषय बाहेक अन्य विषयको दरवन्दी कायम गरिएको छ ।

मिति : २०८२।०३।३०

निर्णय नं ३१

यस नगरसभामा नगर प्रमुखज्यू मार्फत पेश भएका नीति तथा कार्यक्रम, नगर उपप्रमुखज्यू मार्फत पेश भएका आर्थिक विधेयक, २०८२ र विनियोजन विधेयक सर्वसहमतिमा स्वीकृत गर्ने निर्णय गरियो र उक्त दस्तावेजहरुको तपसिल बमोजिमको विवरणको प्रमाणिकरण नगर प्रमुखज्यूबाट गर्ने निर्णय गरियो ।

अनुसूची १ नीति तथा कार्यक्रम

अनुसूची २ आर्थिक विधेयक

अनुसूची ३ नेपाल सरकार, प्रदेश सरकार तर्फको सशर्त/समपुरककोष/विशेष अनुदानको योजना तथा कार्यक्रमको विवरण चालुगत र पुँजीगत खर्च

अनुसूची ४ तलवी प्रतिवेदन

अनुसूची ५ गैर सरकारी संस्थाको आ.व. २०८२/०८३ मा हरिपुर नगरपालिकामा संचालन गर्ने योजना तथा कार्यक्रम

अनुसूची ६ मा संघीय सरकार/प्रदेश सरकार/नगरपालिकासँग माग गर्ने योजना तथा कार्यक्रम